जि.का.सप्तरी द.नं. २(२०३९/०६/१८)-०३९/०४०
म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ३८ अंक २६ २०७६ साल माघ १२ गते आइतवार (26 Jan. 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी वापत निजको बाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणवाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्वन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – पृष्ठ २ मा : प्रदेश २ सरकार संकटको ... पृष्ठ ३ मा : बिढ्दो चिसोमा दम्म ... पृष्ठ ४ मा : दुई वडा अध्यक्षको ... पृष्ठ ५ मा : कोरोना भाइरसबारे ...

# महँगीका कारण महँगियो माटाका मूर्ती



**राजविराज**/सरस्वती पूजाका लागि मूर्तीकारहरुले अहिले माटाका मूर्ती बनाउन दिनरात लागिपरेका छन् ।

मूर्तीकारहरु माटोले बनाएका कलात्मक सरस्वतीको मूर्तीलाई रंगरोगन र साँजसज्जा गर्दै अन्तिम रुप दिनैमा व्यस्त छन् । तर, ती माटाका मूर्तीहरु अहिले महँगीका कारण महँगीएको छ ।

मूर्ती बनाउन प्रयोग गर्ने काचो माटो, रंगरोगन, साजसज्जा गर्ने समाग्रि लगायतमा मूल्य बढेका कारण बनाइएको माटाका मूर्तीहरुको मुल्य समेत बढेको मूर्तीकारहरुको भनाई छ ।

यता मूर्तीको मुल्य बढेपछि विगतको जस्तो मुर्ती खरीद गर्न यूवा विद्यार्थी तथा विद्यालयहरु चासो नदेखाको उनीहरुको गुनासो छ ।

राजविराजस्थित सिरहा रोड, अदालत रोड, रुपनी रोडलगायत आधा दर्जन स्थानमा मूर्तीकारहरु अहिले सरस्वती मूर्तीलाई अन्तिम रुप दिने काममा दिनरात खटिएका हुन् । तर, मूर्तीकार र मूर्ती किन्न आउने दुबै मूर्तीको मुल्यलाई लिएर चिन्तित देखिन्छन् ।

अहिले विभिन्न आकारमा बनाइएका सरस्वतीको माटोको मूर्ती ४ हजार देखी १५ हजार रुँपैयासम्ममा बिक्रि भइरहेको छ । तर, मूर्तीको मुल्य अत्याधिक भएको भन्दै यूवा विद्यार्थी र विभिन्न विद्यालयबाट आउने अर्डर घटेको मूर्तीकारहरु बताउँछन् ।

विगत एक महिनादेखी

*बाँकी अन्तिम पृष्ठमा*

# स्तरमापन परीक्षा नाममा चर्को परीक्षा शुल्क नियमावलीमा नै नभएको टेस्ट परीक्षा लिईदै

**चन्दनकुमार यादव**

**राजविराज**/सामुदायिक विद्यालयको तुलनामा निजी विद्यालयले सप्तरीमा विद्यार्थी सँग चर्को परीक्षा शुल्क उठाईएको छ ।

यतिबेला मुलुकका कतिपय जिल्लामा एसईई परीक्षाको पूर्व तयारीको नाममा टेस्ट परीक्षा सुरु भएको छ । सोही टेस्ट परीक्षाको नाममा संस्थागत निजी विद्यालयका छाता संगठनहरु प्याब्सन, एन प्याब्सन र नेपाल प्याब्सनले प्रति विद्यार्थी मुलुकभरिबाटै एक हजार रुपैयाँका दरले परीक्षा शुल्क उठाएको छ ।

जबकि यो परीक्षाको कुनै औचित्य नै छैन । टेस्ट परीक्षाको नतिजा अनुसार विद्यार्थीले एसईईमा सहभागी हुने वा नहुने भन्ने हुँदैन । तर, पनि खुलेआम सामुदायिक विद्यालयको तुलनामा निजी विद्यालयले सप्तरीमा विद्यार्थीसँग चर्को परीक्षा शुल्क उठाइरहेका छन् ।

यस सम्बन्धमा प्याबसनका जिल्ला अध्यक्ष देवानन्द चौधरीले केन्द्र कै निर्णय अनुसार स्तरमापन परीक्षा लिईरहेको र प्रति बिद्याथीबाट एक हजार रकम उठाएको बताए । केन्द्रकै निर्णय बमोजिम आफुहरुलाई संस्था जोगाउन अघि बढ्नुपर्ने बाध्यता रहेको अध्यक्ष चौधरी भनाई छ ।

निजी विद्यालयहरुकै छाता संगठनका पदाधिकारीले यसरी विद्यार्थी सँग परीक्षा शुल्क उठाउँने र सोही रकमबाट आफ्नो कोषमा पनि जम्मा गर्ने भन्नु पक्कै पनि न्यायोचित हैन ।

यता निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयले कम शुल्क लिई एसईई टेस्ट परीक्षा लिने तयारी गरेका छन् । सामुदायिक विद्यालयले प्रति विद्यार्थी १ सय ८० रुपैयाँदेखि २ सय ५० रुपैयाँसम्म परीक्षाको नाममा शुल्क उठाएका छन् ।

यता शिक्षक महासँघ सप्तरीका अध्यक्ष दिनेश यादबले बिद्यार्थीहरूको पढाई स्तरमापनको लागि स्तरमापन टेस्ट परीक्षा लिन लागेको बताए । शिक्षा नियमावली २०५९ को संशोधनले एसईईको पूर्व तयारी टेस्ट परीक्षा लिनुपर्ने व्यवस्था नै छैन ।

**सुनौलो अवसर! सुनौलो अवसर!! सुनौलो अवसर!!!**

## युनिक सिटी क्लिनिक

यहि माघ ११ गते देखि १३ गते सम्म बरिष्ट तथा दक्ष चिकित्सकहरुद्वारा निः शुल्क स्वास्थ्य शिविर हुन गइरहेको हुँदा आफ्नो बहुमुल्य स्वास्थ्यलाई ध्यानमा राखी नि:शुल्क स्वास्थ्य सेवाको फाइदा उठाउनु हुन, यस ३ दिने शिविरमा सहभागी भई आफ्नो तथा परिवारको स्वास्थ्य परीक्षण गराउन बिनम्र अनुरोध गर्दछौं ।

**हाम्रो सेवाहरू यस प्रकार छन्** :
- नि:शुल्क OPD (ओ.पी.डी.) सेवा ।
- सबै किसिमको स्त्री रोग एवम् बंशानुगत रोग तथा बाझोपनको उपचारका साथै उचित सल्लाह सुझाव ।
- विभिन्न किसिमका शल्यक्रियाहरु विशेष छुटका साथ गरिने । जस्तै ब्उउभलमष्क, पित्तथैलीको पथरी, शरिरका विभिन्न भागमा मासु बढेको, हर्निया, बाबासिर, स्तन क्यान्सर, पाठेघरको खराबी तथा क्यान्सर इत्यादि ।
- हाडजोर्नी तथा नसारोगको सम्पूर्ण उपचारका साथै शल्यक्रिया विशेष छुटमा गरिनेछ ।
- सम्पूर्ण जाँचहरुमा ५०% छुट
- भिडियो X-ray मा ५०% छुट
- CT Scan मा ५०% छुट

**नोट** : माघ महिना भरी सम्पूर्ण जाँचहरु (भिडियो X-ray तथा CT Scan समेत) मा ५०% छुट दिने छ ।

**Whole Body Check up**

-RBS -CBC RFT
-TFt -LFT -USG
-ECG
(Total Rs.6,000,50% Rs.3,000)

**आयोजक :**
सम्पूर्ण युनिक सिटी क्लिनिक
७ युनिक कलेज अफ मेडिकल
साइन्स & हस्पिटल परिवार

**स्थान :**
युनिक सिटी क्लिनिक, राजविराज (गणेश मन्दिर नजिकै)
फोन नं. : ०३१-५२०७७६, ९८१३७२०५०८
समय : विहान १० बजे देखि ४ बजे सम्म

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि
गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज
फोन नं. : 031-522408/09

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit · WESTERN UNION MONEY TRANSFER · PRABHU Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money · Best Remit · City Express · IME pay · MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

# सुशासन कायम गरौं

सुशासन शब्दले राज्य र जनताबीचको सम्बन्धलाई सुदृढ र सहज बनाउन मद्दत गर्दछ। तर, सुशासनको नाराले धेरै देशहरुमा सकारात्मक असर पारेपनि नेपालमा कुनै किसिमको सकारात्मक सन्देश दिन सकेको अवस्था छैन्। राज्य पक्षको व्यापक कमजोरी, कर्मचारीतन्त्रको मनोमानी र दण्डहिनताले प्रश्रय पाइरहेको अवस्थामा सुशासन नेपालका लागि बेकम्मा भएको भन्दा पनि हुन्छ। सुशासनलाई बढावा दिई आम नागरिकको प्रशासनप्रतिको दृष्टिकोणमा परिवर्तन ल्याउन थुप्रै प्रयास पनि नभएको होइन्। तथापि हाम्रो प्रशासन आम नागरिकका चाहना अनुरुप सेवा प्रदान गर्न धेरै हदसम्म कमजोर सावित बन्दै गएको छ। कुनै पनि राज्यमा विधिको शासन, पारदर्शिता, जनसहभागिता, समावेशीता, मानवअधिकार, दण्डहीनताको अन्त्य, सुरक्षा, र विकास जस्ता विषयलाई उच्च सम्मान गर्दै नयाँ युगको परिकल्पना नै सुशासन भएपनि यसको ठीक उल्टो काम नेपालमा हुँदै आएको छ।

जब आम नागरिक सरकारले प्रदान गर्ने सेवा सुविधाबाट प्रत्यक्ष लाभान्वित भए भन्ने कुराको सुनिश्चितता हुनु आवश्यक हुन्छ। हाम्रो प्रशासनमा विभिन्न समयमा भएका प्रशासन सुधारका प्रयासहरु सुशासन कायम गर्ने प्रयासको रुपमा भएका छन। नयाँ सरकारले लिन लाएका कर्मचारी सरुवा नीति, सरकारले स्थापना गर्न लागेका सेवा केन्द्रहरु, विशेष आर्थिक क्षेत्रहरुको स्थापना र हालै प्रधानमन्त्रीको सार्वजनिक सम्बोधनसम्मलाई हेरौं, सबै रिर्थक सावित हुँदै गएको छ। भ्रष्टाचारी नै मोटाउँदै गएका छन्। गलत कृयाकलाप गर्नेहरु नै अगाडि बढिरहेका छन्।

समग्र प्रशासन यन्त्रमा सुधारको चाहना राख्नेहरु या त सरुवा हुन्छन् या त अन्य कुनै कार्वाहीमा पर्ने गरेका छन्। अर्कोतर्फ हेर्ने हो भने प्रशासनलाई भ्रष्टाचारमुक्त क्षेत्र बनाउनु गम्भीर चुनौती प्रशासन सामु उभिएको छ। जबसम्म आफूलाई जनताको सेवक ठानी जनतालाई जनमुखी प्रशासनको अनुभूति दिलाउन सकिदैंन तबसम्म सुशासनको अनुभूती गर्न सकिन्न। राज्य र नागरिक बीचको पुल भनेको प्रशासनयन्त्र नै हो, यो पुल मजबुत भएन भने नागरिक र राज्य दुबै पारि जान सक्दैनन्। त्यसैले प्रशासनले आफ्नो कार्यक्षेत्र मूल दायित्व तथा प्राथमिकता भन्दा बाहिरका विषयमा गरिने कामका बारेमा आम नागरिकका तर्फबाट गरिने आलोचना र टिप्पणीलाई सम्मान गर्दै, भ्रष्टाचार नगरी अगाडि बढे मात्र सुशासन कायम हुन सक्छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# प्रदेश २ सरकार संकटको भुमरीमा र संजीवनीको खोजी



अमरनाथ मण्डल

मधेश आन्दोलनको गर्भबाट जन्मेका प्रदेश २ का सरकार राजपा र समाजवादीको गठबन्धनको आधारमा निर्माण भएका प्रदेश नं. २ का सरकार अहिले संकटको यात्राबाट गुज्रिरहेका छन्। मधेश आन्दोलनको जनादेशको आधारमा सबभन्दा बढी फाईदाको खोजी तलिन रहेका प्रदेश २का मन्त्रीहरु मधेश र मधेशी आन्दोलनको जनादेशलाई सम्मान गर्न सकेन। फलस्वरुप मधेशका मधेशी समाजहरु बीच प्रदेशका मन्त्रीहरु, प्रदेश सरकार मन जित्न सफल भएन। मधेश आन्दोलनको जनादेशलाई सम्मान गर्नु प्रदेश नं. २ को सरकार प्रमुख दायित्व र कर्तव्य रहेको अवस्थामा प्रदेश २ ले खोजेको विकासीय गतिविधिहरु, सामाजिक गतिविधहरु, शिक्षा र बेरोजगारहरुको गतिविधिहरुमा सक्रिय भुमिका देखिएन। आज प्रदेश २ को सरकार संकटमा नचलिरहेको अवस्थामा मधेश आन्दोलनको प्रमुख माग संविधान संशोधन रहेको त्यो पनि सफलता हात नलाग्नु मधेश आन्दोलन प्रतिको आस्था र निष्ठामा कुष्ठघात नेताहरुले गरेको बुद्धिजिवी मधेशीको ठहर रहेको छ। यता विगतका मधेश आन्दोलनबाट पाएका उपलब्धीहरु संस्थागत गर्नुपर्ने अवसरमा बेलामा मधेशी दलहरु आपसमा फुट्नु मधेशको हितको लागि दुर्भाग्यपूर्ण अवस्था रहेको छ। नेकपाले समाजवादीलाई सरकारमा सामेल गरी पछि सरकारबाट बाहिरिनु वातावरण मिलाउने काम नेकपाले गरेको भट्टराई जस्तोसुकै परिस्थितिमा पनि राजासँग तालमेल नगरी सधैं प्रजातन्त्र आन्दोलनको लागि संघर्षरत रहेको कारण उनीहरु नेपालमा प्रजातन्त्र स्थापना गर्न सफल भए।

कुनै पनि अधिकारको लडाई वर्षौं वर्ष देखि चल्ने गरेको इतिहासले देखाएको छ। जुन आन्दोलनकारीले, जुन आन्दोलनरत नेताले धैर्यता राखे उनीहरु सफलताको बाटो चढ्न पाए। हामी मधेशी समुदाय वर्षौं वर्ष देखि विभेदमा परेकोले हामी माथि विभेदीकरणको सिद्धान्तहरु शासक वर्गहरुले वर्षौं देखि लादि रहेको अवस्थामा हरेक अवसरहरुबाट

***"कुनै पनि अधिकारको आन्दोलनमा धैर्यता राख्नु पदबाट टाढा राख्नु तथा संघर्षलाई बलियो बनाउनु आधारहरू दक्षिण अफ्रिकाका विभेदीकरणका लडाई लडेका नेनसन मण्डेलासाग सिक्नुपर्ने बेला आएको छ। त्यस्तै भारतको स्वतन्त्रता संग्राममा महात्मागान्धीले नआत्ती, नघबराई, नसाताको लोभमा नपरी आफ्नो आन्दोलनलाई बलियो बनाउदै गएको कारण ब्रिटिस अंग्रेजहरूले भारत छाडेका थिए। त्यस्तै हाम्रै देशमा प्रजातान्त्रिक आन्दोलनका योद्धा विशेश्वर कोइराला, कृष्ण प्रसाद भट्टराई जस्तोसुकै परिस्थितिमा पनि राजासाग तालमेल नगरी सधैं प्रजातन्त्र आन्दोलनको लाग संघर्षरत रहेको कारण उनीहरू***

मधेश एक प्रदेश आन्दोलनको मुख्य एजेण्डा रहेको सन्दर्भमा ८ जिल्लालाई मात्र २ नं. प्रदेशमा समाहित गरी राजपा र समाजवादीको तथा मधेशवादीहरुको सरकार गठन भई हालसम्म प्रदेश २का सरकार मधेशी पार्टीहरुको बाहुल्यता रहेको सरकार अहिले संकटको अवस्थामा देखिएको सन्दर्भमा भर्खरै समाजवादीले संघीय सरकारबाट बाहिरिएपछि तथा राजपाले नेकपासँग राष्ट्रिय सभामा गरेका २ बुँदे सहमति अनुसार राजपा र एमालेको गठबन्धनले विजय हासिल गरेको सन्दर्भ देखि नै राजपा र समाजवादीमा कुटुल्ता बढ्दै गईरहेको छ। मधेश र मधेशीले दिएको जनादेश मधेश आन्दोलनबाट पाएका निर्देशहरुको पालना गर्नुको साटा दुवै पार्टीहरु एक अर्काको विरोधी बनी मधेश एजेण्डाहरु खतरामा परेको मधेशी बुद्धिजिविहरुले तर्क वितर्क गर्न थालेका छन्। मधेशीको भावना अनुसार राजपा र समाजवादी जसरी आन्दोलनमा एकता गरी आन्दोलनलाई सफल तुल्याएको अवस्थामा संसद निर्वाचनमा पनि एकता गरी समझदारी साथ सिटहरुको साझेदारी गरी निर्वाचन लडेको दुवै पार्टी सफलता हात पारेको तथ्यहरु कसैसँग छुपेको छैन। तर अहिलेको पस्थिति अनुसार राजपा र समाजवादीमा शत्रुता, कुटुल्ता बढ्नु मधेशको लागि दुर्भाग्य हुने देखिन्छ।

प्रदेश २ का सरकार मधेशको भावना अनुसार, मधेशको सम्मान अनुसार मधेशीको लागि गर्नुपर्ने कार्यहरुमा अहिलेसम्म सक्रियता नदेखाएको तथा प्रदेशका मन्त्रीहरु गाडीमा झण्डा लगाई रमाउने गरेको र आफ्नो निजी जिवनमा रहेको छ। राजपा र समाजवादीको तितोपनको कारण यी दुई पार्टीहरुले संघीय सरकारमा आफ्नो स्थान बनाउन तलिन रहेको अवस्थामा संघीय सरकारको मुखिया प्रधानमन्त्री केपी ओलीले यी दुई पार्टीलाई विपरित ध्रुवीकरण गर्न सफल भएका छन्। जसको कारण प्रदेश २ को सरकारमा अहिले राजपाका केही मन्त्रीहरुलाई हटाउने चलखेल चर्चाको विषय बनिरहेको छ। यदि राजपाको मन्त्रीलाई प्रदेश २ को सरकारले तथा मुख्य मन्त्रीले पदमुक्त गरे भने राजपाले समाजवादीलाई दिएको समर्थन फिर्ता लिने छ। जसको फलस्वरुप राजपा र समाजवादी सहभागिता रहेको सरकार विघटन हुनेछ र राजपासँग रहेका प्रदेश संसद संख्या र नेकपासँग रहेको प्रदेश संख्याको आधारमा दुई नं. प्रदेश सरकार गठन हुने अड्कलवाजी तिब्र रुपमा बढिरहेका छन्। तर यस्तो पस्थितिको उपज भयो भने मधेश आन्दोलनको जनादेशलाई सम्मान नगरेको ठहर हुनेछ। नेकपासँग राजपाले तालमेल गर्नु तथा समाजवादीले हतारमा नेकपाको सरकारमा सहभागी हुनु नै मधेशी नेताहरुको पदलोलुपताको संज्ञा मधेशी बुद्धिजिवीहरु अड्कलवाजी गरिरहेका छन्। पद साताको लागि मधेशका पार्टीहरु फुट्ने टुट्ने गरेको इतिहासलाई एक चोटी फेरि मधेशी नेताहरुले समाजवादी र राजपाको मनमोटावको कारण साता नै रहेको स्पष्ट देखिन्छ। मधेशी जनताले गरेको आन्दोलन प्रमुख माग संविधान संशोधन रहेको अवस्थामा अहिलेसम्म संविधान संशोधनको केही चर्चा कारणले समाजवादीले दिएको मन्त्री पदको राजीनामा आएपछि राष्ट्रिय सभाको निर्वाचन सँगै राजपा र नेकपाले गरेको गठबन्धनले संघीय सरकारमा राजपालाई सम्मिलिन गराउने चलखेल शुरु भएका छन्। यसै अनुरुप नेकपाले केही दिन पूर्व राजपालाई सरकारमा सम्मिलिन हुन आग्रह पनि गरि सकेका छन् र यता प्रदेश २ मा नेकपा र राजपाको सरकार बनाउने चलखेल शुरु भएका छन्। यसबाट स्पष्ट के देखिन्छ भने मधेशी दलहरुहरुलाई एक ढिकामा एक ठाउँमा एकतृत हुन बाधक बनि रहेको नेकपा आफूलाई चतुर खेलाडीको रुपमा सार्थक सिद्ध गरिरहेका छन्।

राजपा र समाजवादीका नेताहरुले राजनैतिकमा कोही कसैको दुश्मन, दोस्त हुँदैन भने बक्तव्यवाजी गरिरहेको अवस्थामा मधेश आन्दोलनले तथा मधेशले दिएका आफ्नो मतको सम्मान जनादेशको सम्मान के मधेशी नेताहरुले गरिरहेको छन् भने प्रश्नहरु खडा भएका छन्। कुनै पनि अधिकारको आन्दोलनमा धैर्यता राख्नु पदबाट टाढा राख्नु तथा संघर्षलाई बलियो बनाउनु आधारहरु दक्षिण अफ्रिकाका विभेदीकरणका लडाई लडेका नेनसन मण्डेलासँग सिक्नुपर्ने बेला आएको छ। त्यस्तै भारतको स्वतन्त्रता संग्राममा महात्मागान्धीले नआत्ती, नघबराई, नसाताको लोभमा नपरी आफ्नो आन्दोलनलाई बलियो बनाउँदै गएको कारण ब्रिटिस अंग्रेजहरुले भारत छाडेका थिए। त्यस्तै हाम्रै देशमा प्रजातान्त्रिक आन्दोलनका योद्धा विशेश्वर कोइराला, कृष्ण प्रसाद मधेशी समुदायलाई सधैं बञ्चित बनाई विभेद गरेको कारणले गर्दा तीन-तीन वटा मधेश आन्दोलन भएको छ। मधेश आन्दोलनले देखाएका बाटोहरु तथा साता पक्षबाट भएका सहमतिहरु साता पक्षले सधैं धोखा दिएको अवस्थामा हामीलाई सधैं नेपालको दोश्रो नागरिकको रुपमा नागरिकताको समस्या, लोकसेवामा समान्ता, निजामति कर्मचारीहरुमा साझेदारी, र विकासीय गतिविधिहरुमा साझेदारी लगायत सम्मानजनक नागरिकको जीवनयापन गर्न पाउनुपर्ने हक मधेश आन्दोलनले निर्देशित अवस्थामा हामीले सफलता हात पार्ने समय बेलामा हामी बीच फुट् हुनु दुर्भाग्यपूर्ण रहेको देखिन्छ। त्यसैले अहिले पनि समय रहेको छ। प्रदेश २ का सरकारलाई याथावत राख्न केही बुद्धिजिवि मधेशीहरुले पहल सुरु गरिसकेका अवस्थामा अन्य संघ संस्था बुद्धिजिविहरु नागरिक समाजहरु प्रदेश २ का सरकारलाई यथास्थितिमा राखन एउटा दवावमुलक अभियानको रुपमा संजीविनीको खोजी गर्नुपर्ने अवस्था देखिन्छ। नत्र मधेशका यी दुई दल बीच आपसी विवादको कारण तथा सात्ता मोहको कारण मधेश र मधेशी विश्वास माथि ठूलो घात हुने ठहर मधेशी बुद्धिजिविहरुको ठहर रहेको छ। मधेशी जनताले यी दुई पार्टीको सरकार प्रदेशमा रही मधेश सरकारके प्रदशको नामांकरणको साथ मधेशी जनताको लागि मधेशका यावत समस्यालाई समाधानतिर उन्मुख गर्नुपर्ने अवस्थामा यिनीहरुबीच फुट हुनु दुर्भाग्यपूर्ण रहेको छ।

# बढ्दो चिसोमा दम्म रोगबाट बच्ने उपाय



डा.रामदेव पण्डित

जाडो बढ्दै गएको छ र मधेशमा जाडोकै कारण मर्नेहरूको संख्या बढ्न थालेको छ। प्रायः सबै बर्ष यस्तै हुने गर्दछ। जाडोले मान्छेहरू मर्ने अनेकौ कारणहरू हनसक्दछ तर यसको बारेमा कसैले खोजी गरेको पाइदैन। केवल गरीबहरू लुगाफाटाको अभावले मरे भन्ने बुझाई सबैले बनाउँदछ। तर के त्यो मात्र होला र ? चिसोको कारण हुने वा बढ्ने रोगहरूले पनि मृत्युहरू भएको पनि हुन सक्ने सम्भावना पनि त रहन्छ। चिसोको कारण धेरैलाई सताउने रोगहरू मध्येको एउटा रोगको नाम हो दम्माा वा दम्मामा। साथै जाडोमा हृदयघातका कारण मृत्यु हनसक्ने सम्भावा पनि अत्याधिक हुने विशेषज्ञहरू बताउँछन्। यहाँ दम्मा रोग बारे केही जनचेतनामुलक चर्चा गर्दछौ।

आस्थमालाई चलनचल्तीको भाषामा दम्मा रोग भनेर चिनिन्छ। यही दम्मा रोगलाई तराई मधेशमा दम्मामा रोग भन्ने चलन छ। विश्व आस्थमा दिवस (मे महिनाको २ तारिख) त गर्मी महिना पर्छ तर दम्मा रोगीलाई पीडा बढ्ने भनेको जाडोमा हो। सरकार दम्माको बिषयमा कार्यक्रम गर्दछ गर्मी मौसममा तर दम्माले दम्मा रोगीहरूलाई पिडित बनाएको छ जाडो मौसममा। जाडो वा चिसो दम्मामा रोगको प्रत्यक्ष कारण होइन तर जाडो वा चिसोले दम्मामा बढ्छ र रोगीको मृत्यु पनि हुनसक्छ।

**के हो दम्मा ?**

श्वास प्रश्वाससित सम्बन्धित एउटा रोगको नाम हो दम्मामा। वातावरणीय प्रदुषण, धुवाँ धुलो, चिसो तथा फूल फूल्ने मौसममा फूलको परागको कणबाट हुने विभिन्न एलर्जीका कारण जुनसुकै उमेर समूहका मानिसलाई दम्मामा हुन सक्दछ। माथि भनिएका कारणहरू सँग कसैलाई एलर्जी छ र त्यही एलर्जीवाला वातावरणमा व्यक्ति लामो समयसम्म बस्दछ भने त्यस्तो व्यक्तिलाई बढी मात्रामा दम्मामा हुने गर्दछ।

चुरोट खाने र धुवाँमा बस्ने कारणले हुने दम्माखोकीलाई सी.ओ.पी.डी.भनिन्छ यसले पनि चिसो मौसमामा दुख दिन्छ। दम्मामा रोगमा श्वास प्रश्वासका कोषिकाहरूले एक प्रकारको इन्जाइम (जैव रसायन) उत्पादन गर्दछ, जसले फोक्सोको मांसपेशीहरूलाई खुम्च्याई श्वास प्रश्वास नलीमा व्यवधान उत्पन्न गराउँछ र मानिसलाई श्वास फेर्नमा अप्ठेरो महसुस भई खोकी लाग्ने, स्वाँस्वाँ हुने, छाती कस्सिने लगायतका लक्षण हुने गर्दछन्।

**दम्मा किन हुन्छ ?**

छाती रोग विशेषज्ञ प्रा. डा. कविरनाथ योगीका अनुसार दम्मा (आस्थमा) रोग बिभिन्न कारणले लाग्ने गर्दछ। तिमध्ये केही प्रमुख कारणहरू यस्ता रहेका छन् :

१) वंशाणुगत आस्थमा: विशेषगरी ३० र ३५ वर्ष उमेर समूहका मानिसमा प्रायः देखिने यस्ता आस्थमा वंशजका कारण हुने गर्दछ।यस्तो प्रकारको पूर्ण निको पार्न कठिन हुने गर्छ। यो रोग उमेर ढल्कदो उमेरसँगै बढेर जान्छ।

२) वातावरणीय प्रदुषण: कयौं मानिसहरूलाई वायु प्रदुषणका कारणले एलर्जी र पछि आस्थमा हुने गर्दछ। यस्तो आस्थमा केटा केटी र बयस्कहरूमा हुने गर्दछ। धुलो, धुवाँ, प्रदुषणका कारण उत्पन्न हुने एलर्जीको समयमै उपचार नगरेको खण्डमा त्यसले स्वाँस्वाँ सहितको दम्मा, खोकी निम्त्याउने गर्दछ र दम्मामा हुने गर्दछ।

३.मौसमी परिवर्तन: कयौं मानिसहरूमा मौसमी परिवर्तनका कारण पनि आस्थमा हुने गर्दछ। यस्तो एलर्जी विशेषगरी फागुन, चैत तथा असोज, कात्तिक महिनामा अर्थात् फूल फूल्ने मौसममा बढी देखा पर्ने गर्दछ। विशेषगरी फूल फूल्ने मौसममा फूलको परागको कणका कारण मानिसलाई एलर्जी हुने गर्दछ। जसले दम्मा बढाउँछ।

४. पेशागत: मिल, मैदा उद्योग, कपडा उद्योग, सिमेन्ट उद्योग, बाटोघाटोमा काम गर्ने व्यक्तिहरूमा पनि आस्थमाको जस्तै समस्या देखिने गर्दछ। काम गर्ने क्रममा धुलो धुँवा उड्ने र श्वास फेर्नेबेला नाक मुखबाट फोक्सोसम्म धुलो गएर दम्मा हुन्छ।

५. मुटु रोगले हुने दम्मामा र मुटु रोगीलाई सोही कारणले दम्मा खोकी भएमा पनि आस्थमाका जस्तै लक्षण हुने गर्दछ।

यस अर्थमा सबै दम्मा खोकी आस्थमा नहुन पनि सक्दछन्। सी.ओ.पी.डी., टि.बी. अर्थात क्षयरोग, निमोनिया भएका बिरामीहरूमा पनि दम्मा तथा खोकीको समस्या देखा पर्ने गर्छ। तर ती आस्थमा होइनन्। आस्थमा नभए पनि यी रोगहरू पनि चिसो बृद्धिसँगै बढ्दछ र दुख दिन्छ साथै मृत्यु पनि निमत्याउँछ।

**दम्मा लागेको कसरी थाहा पाउने ?**

सामान्यतया: वायु प्रदुषण तथा एलर्जीका कारण हुने आस्थमा उपचारबाट निको पार्न सकिन्छ। तर खोकी लाग्दालाग्दै पनि त्यसको उपचारै नगरी, स्वाँस्वाँ हुने, छाती कराउने अवस्थाको सिर्जना भएमा क्रोनिक आस्थमा हुने गर्दछ। बच्चाहरूमा भाइरल संक्रमणका कारण ब्रोनकाइटिस भएमा पनि आस्थमा जस्तै लक्षण हुने गर्दछन्।

हाछ्यूँ आउने, घाँटी खसखसाउने, नाक, कान, घाँटी चिलाउने, नाक बन्द हुने, पानी जस्तो पातलो सिगान बग्ने, खोकी लाग्ने, स्वाँस्वाँ हुने, सास फेर्न कठिनाई हुने, छाती कसिने दम्मामाको प्रमुख लक्षण हुन्।

**उपचार विधि**

यदि कसैलाई वायु प्रदुषण, मौसमी परिवर्तन लगायतका बाह्य कारणले आस्थमा भएको देखिएमा सो मौसममा नियमित औषधि सेवन तथा निरन्तरको उपचारबाट यो रोग पूर्णरूपमा निको पार्न सकिन्छ। तर यदि उक्त व्यक्तिलाई वशांणुगत कारणले आस्थमा भएको छ भने चाहिँ त्यो पूर्णरूपमा निको नहुन पनि सक्दछ।

**कसरी जोगिने ?**

दम्मा रोग श्वासप्रस्वाससँग सम्बन्धित भएकाले सावधानीका उपाय पनि यसैसँग सम्बन्धित छन्। यसका साथै चिसोबाट जोगिनुपर्दछ। जाडो समयमा दम्मा रोगले झन् च्याप्छ।

- घर वा कोठालाई न्यानो पार्ने, न्यानो लुगा लगाउने गर्नुपर्दछ।
- फ्रिजमा राखिएका चिसो खानेकुरा पनि खानु हुँदैन।
- धुवाँ, धुलोलगायतका वातावरणीय प्रदुषणबाट जोगिनु पर्दछ .
- आगो नजिक बस्दा पनि धुवाँ र कणहरू फोक्सोमा प्रवेश गर्नेहुन्छ, त्यसका लागि गुणस्तरीय मास्कको प्रयोग गर्नुपर्दछ।
- भुत्ला वा रौं भएका पशुपंक्षीबाट टाढै बस्नुपर्दछ।
- परालमा सुत्दा पनि त्यहाँबाट पनि कणहरू फोक्सोमा जानसक्ने हुन्छ, त्यसमा सावधान रहनुपर्दछ।
- हाछ्यूँ आउने, नाक, घाँटी खसखसाउने समस्या छ भने एलर्जी भएको हुनसक्छ। त्यसबाट जोगिने उपाय गर्नुपर्छ।

यी कुराहरूबाट सकेसम्म दम्मा लागेको व्यक्ति जाडोमा धेरै नै सावधान रहनुपर्दछ। अन्यथा दम्माले जन्या पनि लिनसक्छ। सायद अन्जानमै धेरै मधेशीहरू बर्षेनी यस रोको व्यथाका कारण मृत्युको मुखमा पुग्दछ। यस बिषयमा सबैपक्षले चासो र चिन्तन गर्नु जरूरी छ।

*(मधेश दर्पण फिचर सेवा)*







नेपाल सरकार
गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय**
**( मानवश्रोत एवं प्रशासन विभाग, भर्ना छनौट महाशाखा )**
नक्साल, काठमाण्डौ।
प्रथम पटक प्रकाशित मिति :- २०७६/१०/०१ गते।

**नयाँ भर्ना सम्बन्धी सूचना**

नेपाल प्रहरीमा **प्राविधिक समूह** अन्तर्गत विभिन्न उप-समूह तर्फ रिक्त **प्राविधिक प्रहरी जवान** पदमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट रु.१०।- को टिकट टाँसी (स्वयम् उपस्थित भई) दरखास्त आव्हान गरिन्छ।

**१. आवश्यक माग पद संख्या :-**

| क्र.सं. | विज्ञापन नं. | कार्यालय | उप-समूह | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | |
| १. | ०५ (०७६/७७) | सञ्चार निर्देशनालय तर्फ | इन्जिनियरिङ | ३२९ | १२ | ५४ | ८६ | ७६ | ४० | १४ | ६११ |
| २. | ०६ (०७६/७७) | सूचना प्रविधि निर्देशनालय तर्फ | इन्जिनियरिङ | २३ | १ | ३ | ६ | ६ | ३ | १ | ४३ |
| ३. | ०७ (०७६/७७) | भौतिक पूर्वाधार निर्देशनालय तर्फ | इन्जिनियरिङ | ३४ | १ | ५ | ९ | ८ | ४ | २ | ६३ |
| ४. | ०८ (०७६/७७) | सवारी महाशाखा तर्फ | इन्जिनियरिङ | ६८ | ३ | ११ | १७ | १६ | ८ | ३ | १२६ |
| ५. | ०९ (०७६/७७) | केनाइन महाशाखा तर्फ | केनाइन (डग ह्याण्डलर) | २९ | १ | ४ | ७ | ७ | ३ | २ | ५३ |
| ६. | १० (०७६/७७) | हातहतियार मर्मत शाखा तर्फ | हातहतियार | ३ | - | - | १ | १ | १ | - | ६ |
| ७. | ११ (०७६/७७) | नेपाल प्रहरी अस्पताल तर्फ | स्वास्थ्य | १० | - | १ | ३ | ३ | १ | १ | १९ |
| ८. | १२ (०७६/७७) | केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला तर्फ | विधि विज्ञान | ४ | - | - | १ | १ | १ | - | ७ |
| ९. | १३ (०७६/७७) | नेपाल प्रहरी संगीत विद्यालय तर्फ | संगीत | ७८ | ३ | १२ | २० | १८ | ९ | ४ | १४४ |

**२. दरखास्त फाराम दर्ता मिति** :- २०७६/१०/०५ गते, बिहान १०:०० बजेदेखि २०७६/११/११ गते, १७:०० बजेसम्म (सार्वजनिक बिदाको दिन बाहेक)।

**३. दरखास्त फारम पाइने र बुझाउने स्थान :**

| क्र.स. | कार्यालयहरु | सम्पर्क नं. |
|---|---|---|
| १. | २ नं. प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर<br>सम्पर्क कार्यालय : राजबिराज सप्तरी।<br>जिल्ला प्रहरी कार्यालय सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा | ९८५४०९०६०० |

**४. उमेर हद/दरखास्त दस्तुर (राजश्व) :-**

| उमेरको हद | दरखास्त दस्तुर |
|---|---|
| दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २३ वर्ष ननाघेको। तर बहालवाला श्रेणी विहीन प्रहरी कर्मचारीको हकमा प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम ४० बमोजिम २५ वर्ष ननाघेको हुनु पर्नेछ। | दरखास्त फारामसाथ राजश्व दस्तुर बापत रु.१५० (एक सय पचास) बुझाउनु पर्नेछ। साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि २० प्रतिशत (रु.३०) का दरले थप दस्तुर लाग्ने छ। |

**५. आवश्यक न्यूनतम योग्यता :**

| पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|
| सञ्चार निर्देशनालय तर्फ :<br>सूचना प्रविधि निर्देशनालय तर्फ<br>सवारी महाशाखा तर्फ<br>केनाइन महाशाखा तर्फ<br>हातहतियार मर्मत शाखा तर्फ<br>नेपाल प्रहरी अस्पताल तर्फ<br>केन्द्रिय प्रहरी बिधि विज्ञान प्रयोगशाला तर्फ | – मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तिर्ण गरेको।<br>– SEE को ग्रेड सीटमा GPA 2 वा सो भन्दा माथी ग्रेड प्वाइन्ट हुनुपर्ने। |
| भौतिक पूर्वाधार निर्देशनालय तर्फ | – मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरि प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् वा सो सरहको संस्थाबाट सम्बन्धित विषय (सिकर्मी, डकर्मी, पेन्टर, बिजुली, प्लम्बर र नकर्मी) मा सीप प्रमाण पत्र प्राप्त गरेको। |
| केन्द्रिय प्रहरी संगीत विद्यालय तर्फ | – मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ (आठ) कक्षा वा सो सरह उत्तीर्ण गरेको |

**६. सम्पर्क मिति तथा स्थान :** २०७६/११/३० गते बिहान ११:०० बजे, दरखास्त फाराम दर्ता गर्ने सम्बन्धीत प्रहरी कार्यालयहरुमा

# दुई वडा अध्यक्षको निधन

**राजविराज**/सप्तरीको दुई स्थानिय तहका दुई वडा अध्यक्षको मृत्यु भएको छ। गत मंगलबार सुरुङ्गा नगरपालिका १ का वडा अध्यक्ष मुक्ति कार्की र माघ ७ गते मंगलबारै सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका १ का वडा अध्यक्ष सुशिल कुमार चौधरीको मृत्यु भएको हो।

५४ वर्षिय वडा अध्यक्ष कार्कीको ह्दयघातका कारण निधन भएको थियो भने ३४ वर्षिय चौधरीको दुर्घटनामा परी ज्यान गएको हो।

पूर्वपश्चिम राजमार्ग अन्तरगत अग्निसाइर कृष्णासवरण गाउँपालिकाको जण्डोल सडक खण्डमा वडा अध्यक्ष चौधरी आफैले चलाएको को.३६प. ५३०६ नम्बरको मोटरसाइकल दुर्घटनामा परेको थियो।

टाउँकोमा गम्भिर चोट लागेका उनलाई तत्कालै कंचनरुप नगरपालिकास्थित धर्मेश्वर अस्पतालमा पुऱ्याएको पनि अवस्थामा सुधार नभएपछि मंगलबार बिहानै राजविराजस्थित गजेन्द्र नारायण अस्पतालमा ल्याउँदा गर्दा बाटोमै उनको मृत्यु भएको थियो।

चौधरी गत स्थानिय तहको निर्वाचनमा नेपाली कांग्रेसको तर्फबाट उम्मेदवार भई वडा अध्यक्ष पदमा निर्वाचित भएका थिए।

# एम्नेष्टीद्वारा सभामुख पदमा सापकोटालाई मनोनयन गरिएकोमा आपत्ति

**काठमाडौं**/एम्नेष्टी इन्टरनेशनल नेपालले अपहरण पश्चात हत्यामा संलग्न भएको आरोप लागेका नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का पोलिटब्युरो सदस्य अग्नी सापकोटालाई सभामुख पदमा निर्वाचनका लागि मनोनयन गरिएकोमा गम्भीर आपत्ति जनाएको छ।

एम्नेष्टीले एक विज्ञप्ति जारि गर्दै नेपालमा कानुनी शासनको धज्जी उडाएको, मानवअधिकारका दायित्वहरूलाई लत्याएको र न्यायका लागि अनवरत संघर्षरत पूर्णिमाया लामा लगायत आम पीडित समुदायको घोर अपमान गरेको ठहर गरेको छ।

विज्ञिप्तमा अदालतको आदेश अनुसार फौजदारी अनुसन्धानको क्रममा रहेका फरारी व्यक्तिलाई फौजदारी जवाफदेहीताबाट उन्मुक्ति दिने कलुषित नियतले सभामुख जस्तो गरिमामय कानुन निर्माणको नेतृत्वदायी पदमा पदासिन गराउन थालिएको यस प्रकृयालाई तत्काल परित्याग गर्न सरकार, राजनीतिक नेतृत्व र सम्बन्धित सबैलाई आह्वान गरेको छ।

# माघ २५ देखी गजेन्द्र नारायण सिंह क्रिकेट प्रतियोगिता

**राजविराज**/ सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले माघ २५ गतेदेखि गजेन्द्र नारायण सिंह स्मृति ट्वान्टी ट्वान्टी क्रिकेट प्रतियोगिता हुने भएको छ।

प्रत्येक वर्ष हुने यस प्रतियोगितालाई यस वर्ष पनि निरन्तरता दिइएको गाउँपालिकाका सूचना अधिकारी राजेश कुमार झाद्वारा जारि विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिमा गाउँपालिकाबाट खेलाडी उत्पादन गर्ने उद्देश्यले गाउँपालिकाको ८ वटै वडाका वडा स्तरीय टिमहरुलाई समावेश गरी सप्तरी क्रिकेट संघसँगको सहकार्यमा प्रतियोगिता सञ्चालन गरिने जनाइएको छ।

वडाका टिमलाई प्रतियोगितामा समावेश गर्न प्रशिक्षण आवश्यक भएको हुँदा माघ १० गतेदेखि जिल्लास्तरीय प्रशिक्षकहरुबाट १० दिने प्रशिक्षण शिविर सञ्चालन गरिने र माघ २५ गतेबाट प्रतियोगिता सञ्चालन गरिने विज्ञप्तिमा उल्लेख छ।

यस्तै वडा स्तरीय टिमहरुलाई आवश्यक तयारी गर्न खेल सामग्री प्रदान गरी वडा नं. १ तिलाठीस्थित पाठशालाको मैदान र वडा नं. ७ स्थित मा.वि. कट्टीको मैदानमा प्रशिक्षण शिविर सञ्चालन गरिने जनाउँदै वडा स्तरीय प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडिहरु चयन गरिएको जनाइएको छ।

# प्रहरीलाई ज्याकेट प्रदान

**राजविराज**/दुर्घटना न्युनिकरणका लागि प्रहरीले चलाएको अभियानलाई सहयोग गर्ने उद्देश्यले सवल नेपालले ३ सय थान ज्याकेट प्रदान गरेको छ।

सवल नेपालका कार्यकारी निर्देशक दिपक झाले दुर्घटना न्युनिकरणका लागि प्रहरीले चलाएको सचेतना अभियानलाई संस्थाको हालै सम्पन्न १४ औं साधारण सभामा कुनै तामझाम नगरी बचाएको रकमबाट ज्याकेट खरीद गरिएको जानकारी दिएका छन्।

जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुधबार आयोजित ज्याकेट वितरण तथा प्रसंशा पत्र वितरण कार्यक्रममा प्रहरी उपरिक्षक कृष्ण प्रसाइले सवल नेपालले गरेको सहयोग सराहनिय रहेको बताए।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सुनिल खनाल र प्रहरी उपरिक्षक कृष्ण प्रसाईले संयुक्त रुपमा सो सामग्री ग्रहण गर्दै प्रहरीको दुर्घटना नियन्त्रण अभियानमा सघाएकोमा संस्था प्रति धन्यवाद र अभार व्यक्त गरे।

सो अवसरमा लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय अभियान २०७६ लगायत नेपाल प्रहरीले संचालन गरेको हिंसा न्युनिकरण तथा अपराध रोकथामका विविध कार्यक्रममा सकिय सहभागिता र सहयोग गरेकोमा महिला मानव अधिकार रक्षा संजालकी अगुवा अनिता देवकोटा र मनु खनाललाई प्रहरी संगठनको तर्फबाट प्रसंशा पत्र प्रदान समेत गरिएको थियो।

# जिप्रकाका कार्यालय सहयोगि घुससहित पक्राउ

**राजविराज**/जिल्ला प्रशासन कार्यालय सप्तरीका करारका एक कर्मचारीलाई सेवाग्राहीसँग घुस लिंदै गर्दा अख्तियारको टोलीले पक्राउ गरेको छ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा तीन वर्षदेखी करार सेवामा कार्यालय सहयोगि पदमा कार्यरत केशव कुमार यादवलाई सेवाग्रहीसँग चार हजार रुँपैया घुस लिंदै गर्दा अख्तियारको टोलीले पक्राउ गरेको हो।

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका महुली निवासी ३० वर्षिय यादव विगत तीन वर्षदेखी करार सेवामा मुद्दा फाँटमा कार्यरत थिए। यता पक्राउ परेका यादवलाई बिहीबारै आवश्यक कारवाहीका लागि आयोगको क्षेत्रिय कार्यालय इटहरी लगिएको जनाइएको छ।


**दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित**



**छिन्नमस्ता डेरी उद्योग**

**सिरहा रोड, राजविराज ७, खरसाल टोल**

**मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७**



**हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ।**




**नोट :-** विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ। २४ औं घण्टा काउण्टर खुला रहनेछ।



## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं। छर छिमेकमा कोही विरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं। त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं। घुर बालेर निगरानी गर्ने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।

अनुरोधकर्ता

**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**



## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं। छर छिमेकमा कोही विरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं। त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं। घुर बालेर निगरानी गर्ने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।

अनुरोधकर्ता

**बलान विहुल गाउँपालिका, सप्तरी**

# जेसीजको पदास्थापन समारोह सम्पन्न



**राजविराज**/राजविराज जेसीजको ४५औं पदस्थापन समारोह शनिबार सम्पन्न भएको छ ।

सन् २०२० की अध्यक्षका रुपमा नानीमैया कटवालको नेतृत्वमा नयाँ कार्यसमितिको पद हस्तान्तरण तथा पदास्थापन कार्यक्रम सम्पन्न भएको हो ।

राजविराज जेसीजका संस्थापक अध्यक्ष प्रदेश योजना आयोग प्रदेश नम्बर १ का उपाध्यक्ष सुबोधराज प्याकुरेलको प्रमुख आतिथ्यतामा सम्पन्न समारोहमा चेन हस्तान्तरण तथा पदस्थापन कार्यक्रम सम्पन्न भया ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सुनिल खनाल, राजविराज नगर प्रमुख शम्भुप्रसाद यादव, नेपाल जेसीजका निरुपित उपाध्यक्ष कञ्चन झा, राजविराज जेसीजका संस्थापक एवम पूर्व अध्यक्ष शंकर शारदा, सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष अरुण प्रधान, राजविराज ८ का वडा अध्यक्ष जयनारायण मण्डल, प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झा, जनज्योति कृषि सहकारी संस्था लि. का अध्यक्ष विश्वनाथ मण्डललगायतले शुभकामना व्यक्त गरेका थिए ।

# चेतनाको अभावमा मधेशमा पैसाको चलखेल हन्छ : डा. राउत

**राजविराज**/जनमत पार्टी अध्यक्ष डा. सीके राउतले मधेशमा राजनीतिक चेतनाको अभावका कारण पैसाको चलखेल बढी हुने गरेको आरोप लगाएका छन् । राजविराजमा जनतम पार्टी सप्तरीद्वारा आयोजित “बरिष्ठ नेतृत्व मण्डल अन्तरक्रिया तथा कार्यकर्ता भेटघाट कार्यक्रम” मा बोल्दै उनले सो आरोप लगाएका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै उनले मधेशवादी दल राजपा र समाजवादी पार्टी सत्तालाई केन्द्र बिन्दुमा राखेर राजनीति गर्ने पार्टी रहेको आरोप समेत लगाए ।

प्रधानमन्त्री केपी ओलीलाई प्रवेश निषेध गरेर मलेठमा पाँच जना यूवालाई ज्यान गुमाउन बाध्य बनाएको मधेशवादी दल समाजवादी पार्टी तीनै ओली नेतृत्वको सरकारमा सहभागि हुनुले मधेशी जनतालाई धोका दिएको बताए ।

सोही कार्यक्रममा आफ्नो पार्टीका कार्यकर्तालाई जनताको घर घरमा पुगेर आक्रमक रुपमा सदस्यता बितरण र संगठन निर्माण अभियानमा जुट्न निर्देशन दिँदै निर्वाचनको महत्व बारे पनि प्रशिक्षण दिन निर्देशन दिए । माघ १८ गते राजविराजमा जनमत पार्टीले महासभाको आयोजना गर्दैछ ।

# वरिष्ठ पत्रकारलाई मातृ शोक

**राजविराज**/नेपाल पत्रकार महासंघ शाखाका पूर्व केन्द्रीय उपाध्यक्ष बरिष्ठ पत्रकार शिवहरी भट्टराईलाई मातृशोक परेको छ ।

उनका माता बाल कुमारी भट्टराईको ८८ बर्षको उमेरमा राजविराज ७ स्थित आफ्नै निवासमा बुधबार निधन भएको हो ।

नेपाल पत्रकार महासंघ सप्तरीले एक शोक वक्तव्य जारि गर्दै दुःखद यस घडीमा मृत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक सम्वेदना प्रकट गरेको छ ।






# खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।

२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।

३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।

४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।

५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।

६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।

७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।

८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।

९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।

१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

## अन्तर्राष्ट्रिय समाचार

# कोरोना भाइरसबारे बेलायतमा आपत्कालीन बैठक

**लण्डन**/चीनबाट फैलिन थालेको कोरोना भाइरसबारेमा बेलायतमा आपत्कालीन बैठकको आयोजना गरिएको छ ।

बेलायत सरकारले शुक्रबार सो रोगबाट बच्न र त्यसका लागि अपनाउनु पर्ने सतर्कताका बारेमा छलफल गर्न बैठकको आयोजना गरेको हो ।

कोरोना भाइरसका कारण चीनमा केही व्यक्तिको मृत्यु भएको छ भने सयौं व्यक्ति प्रभावित भएका छन् । त्यसको प्रभाव अन्य देशहरुमा पनि देखिन थालेकाले बेलायतले पनि सतर्कताका लागि आपत्कालीन बैठक बोलाएको हो ।

सरकारका एक जना प्रवक्ताले भनेका छन्, “त्यस रोगको सङ्क्रमण फैलिन सक्ने खतरा रहेकाले त्यसलाई भित्रिन नदिन के उपाय अपनाउन सकिन्छ र फैलिन नदिन के के गर्नु पर्दछ, त्यसका लागि अपनाउने पर्याप्त पूर्वतयारीका बारेमा छलफल हुन लागेको हो ।”

बेलायती अधिकारीहरुले आफ्नो देशमा अहिलेसम्म कोरोना भाइरस भित्रिएको पुष्टि भइनसकेको दाबी गरेका छन् ।

शुक्रबार १४ जनामा त्यस भाइरसको आशङ्का गरेर परीक्षण भने गरिएको बताइएको छ । तीमध्ये पाँच जनामा कोरोना भाइरस नभएको पुष्टि भइसकेको छ भने अरू नौ जनाको नतिजा प्रतिक्षामा रहेको छ ।

यातायात, गृह, विदेश, शिक्षा, स्वास्थ्यलगायतका मन्त्रालयका प्रतिनिधिहरुलाई पनि बैठकमा बोलाइएको अधिकारीहरुले जनाएका छन् । एजेन्सी

# अमेरिकी सेनालाई फिर्ता गर्न माग गर्दै इराकमा प्रदर्शन

**बग्दाद**/अमेरिकी सैनिकहरूलाई स्वदेश फिर्ता पठाउनुपर्ने माग गर्दै इराकमा शुक्रबार हजारौँले प्रदर्शन गरेका छन् ।

सरकारका विरुद्धमा लामो समयदेखि आन्दोलन र प्रदर्शन भइरहेको बेला राजधानी बग्दादमा शुक्रबार नयाँ विषयमा प्रदर्शन भएको हो ।

बग्दादमा गत अक्टोबरदेखि सरकार परिवर्तन, अग्रीम निर्वाचन र भ्रष्टाचार न्युनिकरणलगायतका माग राख्दै आन्दोलन भइरहेको थियो ।

बग्दादको जाडिरियाह जिल्लामा शुक्रबार बिहानै सुरु भएको प्रदर्शनमा हजारौँको सङ्ख्यामा पुरुष, महिला र बालबालिकाहरू सहभागी भएका थिए ।

‘अमेरिकी सेना फिर्ता जाऊ’ भन्दै प्रदर्शनकारीहरूले प्रदर्शनमा चर्को नारा लगाएका थिए । प्रदर्शनमा लोकप्रियतावादी राजनीति गरिरहेकाहरू सहभागी भएको जनाइएको छ ।

उनीहरूले इराकमा रहेको सबै विदेशी सुरक्षा निकायहरूलाई निकाल्न माग गरेका थिए । इराकमा अमेरिकाका पाँच हजार सैनिक रहेको अधिकारीहरूले बताउने गरेका छन् ।

इराकमा जनवरी ३ मा अमेरिकी ड्रोन हमलाले इरानी वरिष्ठ कमाण्डर कासिम सुलेमानी, सिया समुदायको समर्थन रहेका इराकी एक समूहका नेतासहितको हत्या भएपनि इराकीहरू विदेशी सुरक्षाकर्मीप्रति आन्दोलित भएका हुन् ।

इराकको पश्चिमी प्रान्त अन्बर र इर्बिल अर्ध स्वायत्त क्षेत्रको कुर्दिस्तानका क्षेप्यास्त्र आमक्रण गरेर उहाँको हत्या भएको थियो ।

अमेरिकी रक्षा मन्त्रालयले इराकमा रहेको आफ्नो सैन्य आधार शिविर तथा गठबन्धन सुरक्षा फौजमाथि यही जनवरी ८ मा इरानी पक्षले एक दर्जनभन्दा बढी क्षेप्यास्त्र प्रहार गरेको दाबी गरेको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आदेशमा बग्दादमा भएको इरानी सैन्य कमाण्डर सुलेमानीको हत्याको बदला लिन ती क्षेप्यास्त्रहरू प्रहार गरिएको इरानी पक्षले दावी गरेको थियो । एजेन्सी

# ह्युस्टनमा ठूलो विस्फोट

**ह्युस्टनमा**/अमेरिकाको टेक्सास राज्यको ह्युस्टन शहरमा शुक्रबार ठूलो विस्फोट भएको प्रहरीले बताएको छ । बिहानै विस्फोट भएपछि स्थानीयलाई त्रसित बनेका थिए ।

शहरको पश्चिमी क्षेत्रमा विस्फोट भएपछि प्रहरी त्यसतर्फ गएको थियो भने सुरक्षा प्रशासनले शहरमा भीडभाड नगर्न आग्रह गरेको ह्युस्टन प्रहरीले जनाएको छ ।

अमेरिकी समाचार संस्था सीएनएनले विस्फोट बिहान ४:१५ मा भएको र शहरको पश्चिमी क्षेत्रका केही भवनहरू बेसरी थर्किएका थिए ।

केही स्थानीयले आफ्नो घरमा झ्यालका सिसाहरू चर्किएको बताएका छन् । समाचार सङ्कलन गर्दासम्म घटनामा कोही घाइते भएका वा नभएका बारे थप विवरण उपलब्ध भइसकेको छैन । एजेन्सी

## महँगीका कारण ...

राजविराज ७ मा कोठा भाडामा लिई सरस्वती पूजाका लागि माटोका मूर्ती बनाउँदै गरेका डाक्नेश्वरी नगरपालिका ८ का ३६ वर्षिय रमानन्द रामले एउटा सानोखाले मूर्ती बनाउँदा ३ हजारसम्म खर्च पर्ने गरेकोमा त्यसलाई ४ हजारमा विक्रि गर्न राखिएपनि बिक्रि नहुने गरेको गुनासो गरेका छन् ।

यस्तै राजविराज नगरपालिका २ तेतेरी गाछी टोलमा मूर्ती बनाउँदै गरेका बोदेबर्साइन नगरपालिका ८ का ४० वर्षिय बुधेश्वर रामले पनि लगत खर्च जोडेर मुल्य कायम गर्दा धेरै महँगो भयो भनेर अधिकांश यूवा विद्यार्थीहरु अर्डर नगरि फर्किने गरेको बताए ।

सरस्वती पूजा आउन ५ दिन मात्र बाँकी छ अर्का मूर्तीकार महेन्द्र पालले अहिलेसम्म ४५ वटा मूर्ती बनाइसकेकोमा अर्डर भने २३ वटाको मात्र पाएको बताए ।

स्थानीय केशो अनिरुद्धबत्ति माविका प्रधानाध्यापक बिनोद साह अब माटोका मूर्तीको सट्टा विद्यालयहरुमा भारतको जयपुरमा बनाइएका संगमरमरका सरस्वतीका मूर्तीहरु नै राखिएर पूजा गर्ने चलन बढ्दै गएपछि माटोको मूर्ती बिक्रि हुने क्रम घट्दै गएको बताउँछन् ।

तसर्थ यस पेशामा लागेका मूर्तीकारहरुको पेशा संकटमा पर्न नदिई संरक्षण र सम्वर्द्धनका लागि राज्य पक्षबाट विशेष पहल र प्रोत्साहन दिनु जरुरी रहेको स्थानिय बुद्धिजिविहरुको भनाई छ ।

हनुमाननगर कंकालिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमाननगर, सप्तरी
प्रदेश नं. २, नेपाल

पत्र संख्या : २०७६/०७७
चलानी नं.: ११०६

मिति : २०७६/१०/०६ गते

विषय : छोरी शिक्षा विमा/मुद्दती बचत खाता कार्यक्रम संचालन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै ।
हनुमाननगर कंकालिनी नगरपालिका

उपरोक्त सम्बन्धमा मुख्य मन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रम अन्तर्गत मिति २०७५।१०।०१ गते पछि जन्मेका बालिकाहरुको लागि छोरी शिक्षा विमा/मुद्दती बचत खाता कार्यक्रम संचालन हुने हुँदा तपसिलको मिति, स्थान र समयमा उल्लेखित वडाहरुको अभिभावकहरु आवश्यक कागजात सहित उपस्थित भई दिन जानकारीका लागि अनुरोध छ ।

तपसिल

| | | |
|---|---|---|
| वडा नं. १, २, ३, ४, ६, ८ | र | वडा नं. ५, ७, ९, १०, ११, १२, १३, १४ |
| मिति : २०७६।१०।११ गते | | मिति : २०७६।१०।१२ गते |
| स्थान : पोर्ताहा मा.वि. | | स्थान : नगरपालिका भवन |
| समय : विहान १०:०० बजे | | समय : बिहान १०:०० बजे |

आवश्यक कागजातहरु :

१. छोरी/बालिकाको जन्मदर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी ।
२. अभिभावक मध्ये एक/दुवै जनाको नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी ।
३. छोरीको पासपोर्ट साईजको फोटो-६ प्रति ।
४. अभिभावक/संरक्षकको पासपोर्ट साईजको फोटो-६ प्रति ।
५. व्यक्ति संरक्षक भएको हकमा व्यक्तिको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी, संरक्षत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपी ।
६. छोरी शिक्षा विमा र मुद्दती बचत खाताको लागि वडा कार्यालयबाट सिफारिस पत्र ।

वोधार्थ:
१. श्री इलाका प्रहरी कार्यालय, भारदह
२. श्री इलाका प्रहरी कार्यालय, हनुमाननगर

प्रमुख प्रशासकीय अधिकृत

## ६७ जना फरार प्रतिवादी पक्राउ

**राजविराज**/ सप्तरी प्रहरीले विभिन्न अपराधमा संलग्न भई अदालतबाट सजाय तोकि फरार रहेका तथा अनुसन्धानका क्रममा फरार भएका ६७ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

फरार प्रतिवादी पक्राउ गर्न आक्रमक अभियान चलाएको सप्तरी प्रहरीले ६ महिनाको अवधीमा अदालतबाट सजाय तोकी फरार रहेका ३७ र अनुसन्धानका क्रममा फरार रहेका ३० गरी ६७ जनालाई पक्राउ गर्न सफल भएको हो ।

पछिल्लो पटक कुटपिट मुद्दाका फरार प्रतिवादी सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदह निवासी ४५ वर्षिय मोहनराज चमार र सोही वडा निवासी ५२ वर्षिय शुभनारायण यादवलाई पक्राउ गरेको छ ।

# राष्ट्रिय सभामा सप्तरीबाट चार सदस्य

**राजविराज**/राष्ट्रिय सभा सदस्यमा सप्तरीबाट थप दुई जना निर्वाचित भएका छन् । निर्वाचित हुनेहरुमा राजपाका मृगेन्द्र कुमार सिंह यादव र शेखर सिंह छन् । यसअघि नेकपाबाट सप्तरीका सुमनराज प्याकुरेल र नेपाली काँग्रेसबाट जितेन्द्र नारायण देव छन् ।

बिहीबार सम्पन्न निर्वाचनमा प्रदेश २ बाट नेकपा-राजपा गठबन्धनका उम्मेदवारहरु बिजयी भएसँगै सप्तरीबाट राष्ट्रिय सभामा चार जना प्रतिनिधी भएका हुन् ।

सम्पन्न निर्वाचनमा अल्पसंख्यक समुदायतर्फ राजपाका शेखर कुमार सिंह, अन्य समूह तर्फबाट राजपाकै मृगेन्द्र कुमार सिंह यादव, दलित समूहतर्फबाट नेकपाका राधेश्याम पासवान र महिला समूहतर्फबाट नेकपाकै तुलसा दाहाल बिजयी भएका छन् ।

प्राप्त मतपरिणाम अनुसार शेखर सिंह ९ सय ९०, मृगेन्द्र कुमार सिंह यादव ८ सय ८८, राधेश्याम पासवान ४ सय ८८, तुलसा दाहाल ४ सय ६८ मतअन्तरले बिजयी भए ।

यसअघि बिहीबार सम्पन्न निर्वाचनमा शतप्रतिशत ३ सय ७९ जनाले मतदान गरेका थिए । प्रदेश सांसद १ सय ७ र स्थानीय तहका प्रमुख तथा उपप्रमुख २ सय ७२ जना गरी ३ सय ७९ लागि छुट्टाछुट्टै मतदान केन्द्र बनाएर निर्वाचन सम्पन्न भएको थियो ।

## सुतिरहेकी महिलाको आगलागिमा जलेर मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, १० माघ ।**

सिरहाको कर्जन्हा नगरपालिका ४ बस्तीपुरमा शुक्रबार बिहान आगलागी हुँदा एकल महिलाको ज्यान गएको छ । सो आगलागिमा दुई लाख मूल्य बराबरको क्षति समेत भएको छ ।

विद्युत् भार कटौती भएर बिहान आगलागी हुँदा कर्जन्हा नगरपालिका ४ निवासी १७ वर्षीय एकल महिला चुनचुनकुमारी नायकको घरमै सुतिरहेको बेला जलेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

सोही आगलागीमा परी घरमा रहेको फर्निचर, फ्रिज, खाद्यान्न लगायतका समानसमेत जलेर नष्ट हुँदा दुई लाखको क्षति भएको प्रहरीले प्रारम्भिक अनुमान गरेको छ ।


## तिलाठी चलू ! तिलाठी चलू !! तिलाठी चलू !!!

मान्यवर, सप्तरीक तिलाठी स्थित ऐतिहासीक पाठशाला प्रागंणमे करिब एक सय वर्षसँ बेसी समयसँ प्रत्येक वर्ष आयोजना होयत आवि रहल **सरस्वती पुजनोत्सव तथा वसन्त पञ्चमी मेला अहुँवर्ष माघ १६ गते सँ २१ गते (तदनुसार ३० जनवरी सँ ४ फरवरी**) धरी संचालन होमय जा रहल अछि । उक्त अबधिमे माँ शारदेक दर्शन, पुर्जा/अर्चना सँगही मेला अवलोकन हेतु सम्पुर्ण महानुभावके सादर आमन्त्रण अछि ।

**मेलाक मुख्य आकर्षण :**

➢ **माघ १९, २० आ २१ गते अन्तर्राष्ट्रिय कुश्ति दंगल**
*(दंगलमे नेपाल-तथा भारतके ६० गोटयसँ बेसी ख्याती प्राप्त महिला तथा पुरुष पहलवानके सहभागिता रहत)*

➢ **माघ १७ आ १८ गते जिल्ला स्तरीय खुला नृत्य प्रतियोगिता**
*(प्रथम पुरस्कार नगद ११ हजार, द्वितिय पुरुस्कार ५ हजार ५ सय, तृतिय पुरुस्कार ३ हजार ५ सय आ सान्तवना पुरुस्कार २ हजार ५ सय सँगहरी आकर्षक शिल्ड तथा प्रमाण पत्र)*

➢ **माघ १६ गतेसँ २१ धरि प्रत्येक राति रात्रीकालिन सांस्कृतीक कार्यक्रम**
*(नाटक मंचन सँगही मिथिला क्षेत्रक चिर परिचित एवम् लोकप्रिय गायक, नृत्यांगना, बाद्यवादक आ हास्य कलाकार लोकनिक सहभागिता रहत ।)*

**प्रार्थी**
**सरस्वती पुजनोत्सव तथा बसन्त पञ्चमी मेला आयोजक समिति**
**एवम् सम्पुर्ण तिलाठी ग्रामवासी**





**FREE HOME DELIVERY**
50% DISCOUNT on all MOMO items
HAPPY HOUR (11 AM - 5 PM) 25% DISCOUNT ON ALL ITEMS
OFFER VALID TILL 31st December




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६




**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*